नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०८१/८२
च. नं./pmep/ ४८६

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

मितिः २०८२।०३।३०

श्री स्थानीय तह (सम्वन्धित सबै)।

विषयः कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको च.नं. ४५६ मिति २०८२।०३।११ गतेको पत्रानुसार रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौताको लागि सम्पूर्ण स्थानीय तहमा पत्राचार गरिएकोमा हालसम्म जम्मा ४५४ स्थानीय तहमा कार्यरत रोजगार संयोजकवाट मात्र कार्यसम्पादन मूल्याङ्कन फारम EMIS मार्फत पेश भएकोमा ७९ जना रोजगार संयोजकले का.स.मू प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराई पेश नगरेको तथा अन्य बाँकी स्थानीय तहवाट का.स.मू फारम पेश नभएको व्यहोरा जानकारी गराईन्छ। **प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ४८ को उपदफा ३ बमोजिम** रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा **मन्त्रालयको पूर्व सहमती**को आधारमा प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र म्याद थप गर्ने प्रावधान रहेकोले तोकिएको मितिभित्र पेश नभएका र असार मसान्त पश्चात पेश हुने कार्यसम्पादन मूल्याङ्कन सम्वन्धमा मन्त्रालय जिम्मेवार नहुने व्यहोरा निर्णयानुसार अनुरोध छ।

नोटः रोजगार संयोजकको का.स.मू प्रमुख प्रशासकिय अधिकृतबाट अनिवार्य स्वीकृत गराई पेश गर्नुपर्नेछ।

२०८२।०३।३०

(नवराज सुवेदी)
शाखा अधिकृत